# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः२ संख्याः ६, मितिः२०८२/०८/१४ गते

**भाग-२**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

*गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०८/०८*

# कञ्चन गाउँपालिकाको गाउँपालिकाका करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानको धारा ३४ को उपधारा (२) अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न बाञ्छनीय भएकाले कञ्चन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) बमोजिम कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाले यो कञ्चन गाउँपालिकाका करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८२ स्वीकृत गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

(१) यस कार्यविधिको नाम कञ्चन गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ ।

**२. <u>परिभाषाः</u>** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

(क) "कार्यविधि" भन्नाले कञ्चन गाउँपालिकाका करार कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) " गाउँकार्यपालिका" भन्नाले कञ्चन गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले कञ्चन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले कञ्चन गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले कञ्चन गाउँपालिकाका सवै वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

(च) "अध्यक्ष" भन्नाले कञ्चन गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले कञ्चन गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कञ्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ञ) "करारका कर्मचारी" भन्नाले कञ्चन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने गरी स्वीकृत दरवन्दीमा रहेका करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. <u>जिम्मेवारी र उत्तरदायित्वः</u>**

(१) गाउँपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको जिम्मेवारी रहने छ ।

(२) गाउँकार्यपालिकाको कार्यालयले आफ्ना करार कर्मचारीहरुलाई बार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट बिनियोजित गराउनु पर्नेछ।

(३) कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको कार्यालय मातहत रहेका वडा कार्यालय तथा कार्यरत करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात स्वतः लागु हुनेछ ।

(४) कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

**४. <u>समिति गठनः</u>**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) आर्थिक प्रशासन शाखा - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) गाउँकार्यपालिकाको कार्यालयको स्वीकृत दरवन्दीमा निरन्तर ६ महिना वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत गर्नका लागि संख्याको एकिन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन सो सम्वन्धमा वनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा गरिएका परिपत्रहरु, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा मिति २०८२/०१/०१ मा नेपाल राजपत्र खणड ७५ संख्या १ भाग ५ मा प्रकाशित सूचनामा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने।

(ग) अनलाईन माध्यमबाट गाउँकार्यपालिकाको कार्यालयलाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्यगर्ने ।

**५. <u>थपघट, हेरफेर वा संशोधनः</u>** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. <u>बाधा अड्काउ फुकाउ</u> :** यो कार्यविधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**७. <u>खारेजी तथा बचाउः</u>** यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछन ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८२/०८/१४**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र